**लोक सेवा आयोग**

**नेपाल बैंक लिमिटेड, आन्तरिक लिखित परीक्षाको प्रश्नपत्र**

**२०७३/०२/२८**

**पत्र : प्रथम**

**पदः सहायक प्रबन्धक** **पूर्णाङ्कः १००**

**समयः ३ घण्टा** **उत्तीर्णाङ्कः ५०**

**विषयः बैंकिङ तथा लेखा व्यवस्था**

तल दिइएका प्रश्नहरूमध्ये ६ वटा प्रश्नहरूको उत्तर नेपाली वा अङ्ग्रेजीमा लेख्नुहोस् । प्रश्न नं. १ अनिवार्य छ। प्रश्न नं. १ को अङ्क २० र बाँकी अन्य प्रश्नको अङ्क १६ हुनेछ।

१. बाह्य तथा आन्तरिक कारणबाट कतिपय उद्योगहरू रुग्ण उद्योग हुन पुगेका छन् । यी रुग्ण उद्योगहरूमा बैंक तथा वित्तीय संस्थाहरूको ठूलो लगानी रहेको छ र यस्तो लगानी उठ्न नसकिरहेको स्थिति छ । यस्ता रुग्ण उद्योगलाई बन्द हुन नदिई सञ्चालनमा ल्याउन बैंक तथा वित्तीय संस्थाहरूले के कसरी सहयोग पुयाउन सक्छन् ? स्पष्ट पार्नुहोस् ।

२. नेपालमा बैंकिङ क्षेत्रको विकासको इतिहास छोटकरीमा उललेख गर्दै यसमा नेपाल बैंक लिमिटेडको योगदानबारे चर्चा गर्नुहोस् ।

३. नागरिकलाई सरल, सहज र पहुँचयोग्य बैंकिङ सेवाप्रवाहको क्षेत्रमा देखिएका प्रमुख समस्या र चुनौतिहरूका बारेमा उल्लेख गर्नुहोस् ।

४. बैंक तथा वित्तीय संस्थाहरूको वर्गीकरणको आधार र औचित्यवारे प्रकाश पार्नुहोस् ।

५. बैंक तथा वित्तीय संस्थाहरूको उद्देश्य अनुरुप प्रभावकारी रुपमा सञ्चालनको लागि संस्थागत सुशासनको अभावलाई प्रमुख कारक तत्वको रुपमा लिइन्छ । बैंक तथा वित्तीय संस्थाहरूको सञ्चालनमा के कस्तो सुशासनको आवश्यकता देख्नुहुन्छ ? उल्लेख गर्नुहोस् ।

६. बैंक तथा वित्तीय संस्थाहरूको कर्जा प्रवाह गर्दा के कस्ता वित्तीय सूचकहरूको विश्लेषण गरिन्छ ? साथै ती सुचकहरूको प्रयोग कसरी हुन्छ ? उदाहरण सहित् लेख्नुहोस् ।

❑❑❑

# लोक सेवा आयोग

## नेपाल बैंक लिमिटेड, आन्तरिक लिखित परीक्षाको प्रश्नपत्र

२०७३/०२/२९

पत्र : द्वितीय

पदः सहायक प्रबन्धक

समयः ३ घण्टा

पूर्णाङ्कः १००

उत्तीर्णाङ्कः ४०

### विषयः व्यवस्थापन

तल दिइएका प्रश्नहरूमध्ये ६ वटा प्रश्नहरूको उत्तर नेपाली वा अङ्ग्रेजीमा लेख्नुहोस् । प्रश्न नं. १ अनिवार्य छ । प्रश्न नं. १ को अङ्क २० र बाँकी अन्य प्रश्नको अङ्क १६ हुनेछ ।

१. देशको आर्थिक विकासमा वाणिज्य बैंकहरूको भूमिका प्रष्ट गर्दै आर्थिक विकास द्रुत गतीमा गर्न वाणिज्य बैंकहरूले खेल्नुपर्ने भूमिकाको चर्चा गर्नुहोस् । ग्राहक, व्यवसाय र केन्द्रीय बैंक प्रति कसरी उत्तरदायी वनाउने सो बारेमा थप उल्लेख गर्नुहोस् ।

२. वाणिज्य बैंक तथा वित्तीय संस्थाहरूलाई जीवन्त बनाउने माध्यम भनेका शाखा कार्यालयहरू हुन् भनिन्छ ? शाखा कार्यालयको व्यवस्थापनमा शाखा प्रबन्धकको भूमिका उल्लेख गर्दै शाखाबाट प्रदत्त सेवालाई थप आधुनिक र ग्राहकमैत्री बनाउन चाल्नु पर्ने कदमहरू उल्लेख गर्नुहोस् ।

३. बासलात र नाफा नोक्सानबाट नेपाल बैंक लिमिटेडले लिनुपर्ने फाइदाको बारेमा उल्लेख गर्नुहोस् । नेपाल बैंक लिमिटेड प्रत्यक्ष सम्बन्धित बासलात र नाफा नोक्सान पर्ने Banking Transaction को बारेमा उदाकरण दिनुहोस् ।

४. राष्ट्रिय पुर्ननिर्माण प्राधिकरणले भूकम्प पीडितहरूलाई बैंक खातामार्फत् अनुदान रकम उपलब्ध गराउने बैंक तथा वित्तीय संस्थाहरूसँग सम्झौता गरेको छ । बैंक तथा वित्तीय संस्थाहरूको विद्यमान संगठन संरचनाबाट पिडित जनताको घरदैलोमा वित्तीय संस्थाहरूले अवलम्वन गर्नुपर्ने रणनीतिका बारेमा उल्लेख गर्नुहोस् ।

५. "कुशल नेतृत्वले सही र प्रभावकारी निर्णय प्रक्रिया अपनाई कर्मचारीमा कामप्रति उत्प्रेरणा जगाउनमा महत्वपूर्ण भूमिका निर्भाह गर्न सक्छ यस भनाइप्रति तपाई कतिको सहमत हुनुहुन्छ ? व्यावहारिक उदाहरण दिएर पुष्टि गर्नुहोस् ।

६. बैंक तथा वित्तीय संस्थाहरूमा संस्थागत सुशासन कायम गर्न आन्तरिक निरीक्षण प्रभावकारी हुनु जरुरी छ भनिन्छ । नेपाल बैंक लिमिटेडले अवलम्वन गरेको आन्तरिक निरीक्षण प्रणालीको समीक्षा गर्दै यसलाई थप प्रभावकारी बनाउन के गर्नुपर्ला ? रचनात्मक सुझाव दिनुहोस् ।

८. नेपाल राष्ट्र बैंक ऐन, २०५८ ले वाणिज्य बैंकहरूको नियमनसम्बन्धी गरेका व्यवस्था र हाल भइरहेको कार्यान्वयन अवस्थाको वारेमा उदाहरण सहित विश्लेषण गर्नुहोस् ।

❑❑❑

लोक सेवा आयोग

नेपाल बैंक लिमिटेड, आन्तरिक प्रतियोगिता लिखित

परीक्षा प्रश्नपत्र

२०७१/०५/२७

पत्र : प्रथम

पद: सहायक प्रबन्ध

समय: ३ घण्टा

पूर्णाङ्क: १००

उत्तीर्णाङ्क: ५०

विषय: बैकिङ तथा लेखा व्यवस्था

तल दिइएका प्रश्नहरूमध्ये ६ वटा प्रश्नहरूको उत्तर नेपाली वा अङ्ग्रेजीमा लेख्नुहोस। प्रश्न नं. १ अनिवार्य रहेको छ र सो को अङ्क २० र बाँकी अन्य प्रश्नको अङ्क १६ हुनेछ।

१. बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ वमोजिम 'क' वर्गको इजाजतपत्र प्राप्त संस्थाले गर्न सक्ने प्रमुख वित्तीय कारोवारहरू केके हुन् ? समीक्षा गर्नुहोस्।

२. अन्तर्राष्ट्रिय व्यापारको भुक्तानीमा प्रयोग हुने प्रचलित माध्यमहरू केके हुन् ? प्रतीत पत्र (letter of credit) का बारेमा व्याख्या गर्दै यसमार्फत भुक्तानी पठाउदा अवलम्वन गर्नुपर्ने प्रक्रिया एवम् कागजात (Document) का बारेमा चर्चा गर्नुहोस्।

३. कर्जा लगानीका सिद्धान्तहरू केके हुन् ? नेपाल बैंक लिमिटेडले कर्जा जोखिमलाई न्यूनीकरण गर्न के कस्ता व्यवस्था अवलम्बन गरेको छ ? उल्लेख गर्नुहोस्।

४. देशको अर्थतन्त्रमा अधिक तरलताको अवस्था होस् वा कम तरलताको अवस्था होस्। यी फरक दुई स्थितिमा नेपाल बैंक लिमिटेडको निक्षेप परिचालनको रणनीति कस्तो हुनुपर्छ ? आफ्ना भनाइहरू उल्लेख गर्नुहोस्।

५. बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ ले कर्जा असुली सम्बन्धमा गरेको कानुनी व्यवस्थाको बारेमा उल्लेख गर्नुहोस्। वित्तीय विश्लेषण भन्नाले के बुझिन्छ ? वित्तीय विश्लेषणमा प्रयोग हुन चार अनुपातहरूका बारेमा विवेचना गर्दै ती अनुपातको निणर्य कसरी सहयोग पुयाउँछन् ? चर्चा गर्नुहोस्।

७. कुनै दुईको वारेमा छोटकरीमा व्याख्या गर्नुहोस्।

(क) नेपाल राष्ट्र बैंकका उद्देश्यहरू

(ख) लेखाका सर्वमान्य सिद्धान्तहरू

(ग) बैंक हिसाब मिलान (Bank reconciliation)

❑❑❑

लोक सेवा आयोग

नेपाल बैंक लिमिटेड

आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा प्रश्नपत्र

२०७१/०५/२८

पत्र : द्वितीय

पदः सहायक प्रबन्ध

समयः ३ घण्टा

पूर्णाङ्कः १००

उत्तीर्णाङ्कः ५०

विषयः व्यवस्थापन

तल दिइएका प्रश्नहरूमध्ये ६ वटा प्रश्नहरूको उत्तर नेपाली वा अङ्ग्रीमा लेख्नुहोस। प्रश्न नं. १ अनिवार्य रहेको छ र सो को अङ्क २० र बाँकी अन्य प्रश्नको अङ्क १६ हुनेछ।

खण्ड 'क' अनिवार्य प्रश्न

१. नेपाल बैंक लिमिटेड समष्टिगत लक्ष्य प्राप्तिमा यसका विभिन्न शाखाहरूको प्रभावकारी कार्यसम्पादन महत्वपूर्ण मानिन्छ। आफ्ना ति सबै शाखाहरूको सफल सञ्चालनमा ती शाखाहरूको व्यवस्थापकहरूको भूमिकावारे छलफल गर्नुहोस्।

खण्ड 'ख' व्यवस्थापन

२. कर्मचारीहरूमा कठोर र नरम संस्कारले पार्ने असरका साथै कर्मचारीहरूमा सङ्गठनात्मक संस्कार सम्प्रेषण हुने मार्गहरू समेत सविस्तार व्याख्या गर्नुहोस्। व्यवस्थापनको एउटा मुख्य कार्यको रुपमा नेतृत्वको चर्चा गर्दै नेतृत्वका अत्यावश्यक गुणहरूको बारेमा व्याख्या गर्नुहोस्।

४. 'परिवर्तन' व्यवस्थापकीय प्रक्रियाको अभिन्न अङ्ग हो। परिवर्तनलाई व्यवस्थित गर्न चाल्नुपर्ने कदमहरूका बारेमा चर्चा गर्नुहोस्।

५. कुनै पनि बैंकको सफलता त्यसका ग्राहकहरूको सन्तुष्टि तथा उनीहरूसँग कायम अनुपन दीर्घकालीन सम्बन्धमा भर पर्छ यस सन्दर्भमा कुरा गर्दा नेपाल बैंक लिमिटेडले ग्राहक सम्बन्धमा सुधार गर्न गरेका प्रयासहरूको व्याख्या गर्दै आवश्यक सुझावहरू दिनुहोस्।

६. बैंकका कर्मचारीहरूलाई आफ्नो काममा पूर्ण रूपमा समर्पित हुन कसरी उत्प्रेरित गर्न सकिन्छ ? यस सन्दर्भमा नेपाल बैंक लिमिटेडको आफ्ना कर्मचारीहरूलाई उत्प्रेरित गर्न कस्तो नीति लिएको छ ? उल्लेख गर्नुहोस्।

७. दक्ष व्यवस्थापनको अभावमा उत्पन्न हुने संगठनात्मक परिस्थितिको उल्लेख गर्दै व्यवस्थापकीय दक्षता र सीप अभिवृद्धि गर्न नेपाल बैंक लिमिटेडले गरेको प्रयासहरूको सविस्तार व्याखय गर्नुहोस्।

❑❑❑

लोक सेवा आयोग

नेपाल बैंक लिमिटेड

आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाको प्रश्नपत्र

२०७१/०६/०३

पत्र : प्रथम

पदः सहायक प्रबन्धक

पूर्णाङ्कः १००

समयः ३ घण्टा

उत्तीर्णाङ्कः ५०

विषयः आर्थिक नीति तथा बैंकिङ् व्यवस्था

तल दिइएका प्रश्नहरूमध्ये ६ वटा प्रश्नहरूको उत्तर नेपाली वा अङ्ग्रीमा लेख्नुहोस्। प्रश्न नं. १ अनिवार्य रहेको छ र सो को अङ्क २० र बाँकी अन्य प्रश्नको अङ्क १६ हुनेछ।

१. आर्थिक वर्ष २०५७/५८ देखि लागु गरिएको वित्तीय क्षेत्र सुधार कार्यक्रमअन्तर्गत नेपाल बैंक लिमिटेडको सन्दर्भमा हेर्दा बैंकको वित्तीय परिसूचकहरूमा आधारभूत रुपले सुधार भएको छ। खराब कर्जा घटेको र बैंकका सेयरधनीहरूले थप पुँजी बैंकमा लगानी गरेका कारण पूजीकोष पर्याप्तता कायम गर्ने सम्बन्धी कार्यमा ठुलो फड्को मार्ने सफलता प्राप्त भएको छ। तर यतिका प्रयास हुँदाहुँदै पनि यस बैंकले नियमनकारी प्रावधान (Regulatory requirement) बमोजिमको पुँजीकोष कायम गर्न अझै सकिरहेको छैन। जसका कारण नेपाल राष्ट्र बैंकले आफ्नो नियन्त्रण लिने कार्यलाई निरन्तरता दिनुपर्ने अवस्थाबाट यो बैंक मुक्त हुन सकेको छैन। उपरोक्त परिप्रेक्ष्यका आधारमा समस्याहरूको पहिचान गरी त्यसको समाधान र कार्यान्वयन गर्ने तरिका समेत उल्लेख गर्नुहोस्।

२. बैंकिङ क्षेत्रको विकासले अर्थतन्त्रमा सकारात्मक प्रभाव पारी आर्थिक वृद्धिदर बढ्ने अपेक्षा गरिन्छ। तर नेपालमा विगत दुई दशकमा बैंकिङ क्षेत्रको व्यापक विस्तार भए पनि आर्थिक वृद्धिदर न्यून नै रहेको छ। यसरी बैंकिङ क्षेत्रको उल्लेख्य विस्तारका बावजुद पनि आर्थिक वृद्धिदर बढ्न नसक्नुका कारणहरू विश्लेषण गर्दै देशको देशको आर्थिक वृद्धिदर बढाउन बैंकिङ बढाउन बैंकिङ क्षेत्रले खेल्न सक्ने भूमिकाको बारेमा प्रकाश पार्नुहोस्।

३. केन्द्रीय बैंकको मौद्रिक नीति (Monetary policy) र सरकारको वित्तीय नीति (Fiscal policy) ले, वाणिज्य बैंकहरूका कर्जा तथा लगानी कार्यहरूलाई कसरी प्रभाव पार्न सक्छन् ? चर्चा गर्नुहोस्।

४. वाणिज्य बैंकको उप प्रबन्धकको हैसियतमा तपाईंले कर्जा प्रवाह गर्दा परियोजनाको मूल्याङ्कन कसरी गर्नु हुन्छ ? सविस्तार व्याख्या गर्नुहोस्।

५. बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ का मुख्य मुख्य विशेषताहरूका बारेमा चर्चा गर्नुहोस्। उक्त ऐनमा के कस्ता सुधारहरू गर्नुपर्ने आवश्यकता देख्नुहुन्छ ? उल्लेख गर्नुहोस्।

६. नेपाल राष्ट्र बैंकले इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाहरूको वित्तीय स्वस्थता कायम राख्दै देशको वित्तीय क्षेत्रमा स्थायीत्व सुधारहरू गर्नुपर्ने आवश्यकता देख्नुहुन्छ ? उल्लेख गर्नुहोस्।

७. कुनै दुईको बारेमा छोटकरीमा उत्तर दिनुहोस्।

(क) निष्कर्य कर्जा (Non performing loan)

(ख) Capital market instrument मा लगानी गर्दा ध्यान दिनुपर्ने कुराहरू

(ग) E–banking/E–commerce

□□□

लोक सेवा आयोग

नेपाल बैंक लिमिटेड

आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा प्रश्नपत्र

२०७१/०६/०४

पत्र : द्वितीय

पदः सहायक प्रबन्धक | पूर्णाङ्क : १००

समयः ३ घण्टा | उत्तीर्णाङ्कः ५०

विषयः व्यवस्थापन

तल दिइएका प्रश्नहरूमध्ये ६ वटा प्रश्नहरूको उत्तर नेपाली वा अङ्ग्रेजीमा लेख्नुहोस् । प्रश्न नं. १ अनिवार्य रहेको छ र सो को अङ्क २० र बाँकी अन्य प्रश्नको अङ्क १६ हुनेछ ।

१. कुनै पनि बैंकको लक्ष्य प्राप्तिमा त्यसमा विद्यमान मानवस्रोत व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ । नेपाल बैंक लिमिटेडलाई प्रतिस्पर्धी बैंकको रुपमा स्थायित्व गर्न हाल भइरहेको मानवस्रोत व्यवस्थापनको सबल र दुर्बल पक्ष विश्व भरी उपयुक्त रणनीतिहरू र त्यसको प्रभावकारी क्षेत्रहरूबारे विश्लेषण गर्नुहोस्।

२. व्यवस्थापकले निर्णय वर्तमानमा गर्दछ र हरेक निर्णयको परिणाम भविष्यमा आउँछ । भविष्य अनिश्चित हुने हुँदा पनि सकारात्मक वा नकारात्मक जस्तोसुकै पनि आउन सक्ने सम्भावनालाई मध्यनजर गर्दै निश्चितता, जोखिम र अनिश्चितता सम्भाव्य अवस्थामा अपनाउनुपर्ने निर्णय प्रक्रियाका विशेषताहरू उपर विवेचना गर्नुहोस्।

३. उच्च, मध्यम एवम् निम्न व्यवस्थापनबिचको अन्तरसम्बन्धको व्याख्या गर्दै नेपाल बैंक लिमिटेडको सङ्गठनात्मक संरचना र यस पक्षको लागि सोच गरेको स्वरुपको समालोचना गर्नुहोस्।

४. नेपाल बैंक लिमिटेड कर्मचारी सेवा विनियमावली अनुसार बैंकका कार्यरत कर्मचारीहरूका सेवा, सर्त र सुविधाको व्याख्या गर्दै यसबाट उच्च मनोबल अभिवृद्धि गर्न गरेको प्रभावबारे व्याख्या गर्नुहोस्।

५. बैंकिङ क्षेत्रमा विद्युतीय सूचना प्रविधिको उपादेयता दिनहुँ बढिरहेको पाइन्छ। यस सन्दर्भमा नेपाल बैंक लिमिटेडले आफ्ना बैंकिङ सेवालाई सरल, सुलभ र प्रभावकारी बनाउन के कस्ता सूचना प्रणालीको प्रयोग गरिरहेको छ ? टिप्पणी गर्नुहोस्।

६. नेपाल बैंक लिमिटेडले आफ्ना कर्मचारीबाट अपेक्षा गरेको आचरण तथा व्यवहारबारे विवेचना गर्नुहोस्। साथै, यी आचरण र व्यवहार कत्तिको पालना भइरहेको छ ? टिप्पणी गर्नुहोस्।

७. सङ्गठनलाई प्रभावकारी ढङ्गबाट सञ्चालन गर्न समूह कार्यका आवश्यकतालाई मनन् गरी यसको लागि नेतृत्वको बारेमा उल्लेख गर्नुहोस्।

□□□

लोक सेवा आयोग

नेपाल बैंक लिमिटेड

आन्तरिक लिखित परीक्षाको प्रश्नपत्र

२०६७/१०/१४

पत्र : प्रथम

पदः सहायक प्रबन्धक

समयः ३ घण्टा

पूर्णाङ्कः १००

उत्तीर्णाङ्कः ५०

## विषयः बैंकिङ तथा लेखा व्यवस्था

तल दिइएका प्रश्नहरूमध्ये ६ वटा प्रश्नहरूको उत्तर नेपाली वा अंग्रेजीमा लेख्नहोस्। प्रश्न नं. १ अनिवार्य छ। प्रश्न नं. १ को अक २० र बाँकी अन्य प्रश्नको अङ्क १६ हुनेछ।

१. नेपाली अर्थतन्त्रले आफ्नो जनशक्तिलाई आवश्यक रोजगारी सिर्जना गर्न नसकेको कारणले गर्दा नेपालको जनशक्ति रोजगार प्राप्तिको लागि विदेशिन परेको सर्वविदितै छ। प्रतिदिन ६०० जनाभन्दा बढी नेपालीहरू विदेश जाने गरेको देखिन्छ। हाल ५० भन्दा बढी मुलुकमा वैदेशिक रोजगारीमा जाने हाम्रा युवाहरूको सङ्ख्या दिन प्रतिदिन बढ्दै गइरहेकोछ। वैदेशिक रोजगारीमा जानेको सङ्ख्या वृद्धिसँगै विप्रेषणबाट देशको आ.व. २०५९/६० मा कुल गार्हस्थ उत्पादनसँगको अनुपात ११ प्रतिशत रहेकोमा आ.व. २०६५/६६ मा २१.२ प्रतिशत पुगेबाट नेपाली अर्थतन्त्रमा विप्रेषणको महत्व प्रष्टसँग बुभ्न सकिन्छ। विप्रेषण गर्दा देशमा व्याप्त गरिबीलाई केही हदसम्म कम गराउनुको साथै नेपाली अर्थतन्त्रको समष्टिगत परिसूचकमा उललेख्य योगदान पुयाएको छ। यसले गर्दा नै सर्वसाधारण नेपालीको पहँच शिक्षा तथा स्वास्थय क्षेत्रमा बढ्दै गइरहेको छ र जीवनस्तरमा पनि वृद्धि हुँदै गएको छ। यस महत्वपूर्ण क्षेत्रबाट प्राप्त हुने विश्लेषणको रकम बैंक तथा वित्तीय संस्थाहरूको माध्यमबाट मात्र प्राप्त हुने संयन्त्रको विकास हुन सकेको भने देखिदैन। विप्रेषणको चनौतीहरूमध्ये यस चनौतीलाई संस्थागत प्रक्रियामा ल्याउन र अभ व्यवस्थित ढङ्गले उत्पादनशील क्षेत्रमा प्रयोग गर्न सकेमा देशको र उनीहरूका परिवार समेतको आर्थिक उन्नति हुने कुरा प्रष्ट छ। यस समस्यालाई समाधान गर्न नेपालको बैंकिङ क्षेत्रले केकसरी सहयोग पुयाउन सक्दछ ? प्रष्ट खुलाई लेख्नुहोस्।

२. At sight letter of credit र stand by letter of credit भन्नाले के बुभिन्छ ? नेपाल बैंक लिमिटेडको कर्जा कारोवार निर्देशिका २०६३ बमोजिम प्रतीतपत्र खोल्दा अपनाउनुपर्ने महत्वपूर्ण कार्यविधि केके हुन् ? स्पष्ट पार्नुहोस्।

३. कर्जा मूल्याङ्कन (Credit appraisal) मा गैर वित्तीय विश्लेषण (Non–financial Analysis) र वित्तीय विश्लेषण (Finanical Analysis) कसरी गरिन्छ ? लेख्नुहोस्।

४. वासलातभित्र र वासलात बाहिरका कारोवारहरू भनेको के हो ? बैंक तथा वित्तीय संस्थाहरूको वासलातमा सम्पत्ति र दायित्वतर्फ केके विवरणहरू समावेश गरिन्छ ? वर्णन गर्नुहोस्।

५. नेपाल राष्ट्र बैंकको निर्देशनअनुसार कर्जा सापट अवधिको आधारमा वर्गीकरण कसरी गरिन्छ र कस्तो कस्तो अवस्थामा कुनै पनि कर्जालाई खराब कर्जामा राखी वर्गीकरण गरिन्छ ? व्याख्या गर्नुहोस्।

६. बैंक तथा वित्तीय व्यवसायमा देखा परेका वर्तमान प्रतिस्पर्धात्मक अवस्थामा निक्षेप सङ्कलन गर्न नेपाल बैंक लिमिटेडले व्याजदर तथा अन्य कुन नयाँ उत्पादन तथा उपाय अवलम्वन गर्नुपर्ला ? उल्लेख गर्नुहोस्।

७. कुनै दुईको बारेमा टिप्पणी गर्नुहोस्।

(क) एजेन्सी बैंक हिसाव मिलान

(ख) स्थिर विनिमय प्रणालीका चुनौतीहरू

(ग) काउन्टर जमानत

☐☐☐

लोक सेवा आयोग

नेपला बैंक लिमिटेड

आन्तरिक लिखित परीक्षा प्रश्नपत्र

२०६७/१०/१४

पत्र : द्वितीय

पदः सहायक प्रबन्धक

समय : ३ घण्टा

पूर्णाङ्क : १००

उत्तीर्णाङ्कः ५०

विषयः व्यवस्थापन

| |
|---|
| तल दिइएका प्रश्नहरूमध्ये ६ वटा प्रश्नहरूको उत्तर नेपाली वा अङ्ग्रेजीमा लेख्नुहोस्। प्रश्न नं. १ अनिवार्य रहेको छ र सो को अङ्क २० र बाँकी अन्य प्रश्नको अङ्क १६ हुनेछ। |

१. नेपालको वित्तीय बजारमा वाणिज्य बैंकहरूको सङ्ख्या एकातिर बढ्दै गइरहेको छ भने अर्कोतर्फ सङ्ख्या वृद्धिले गर्दा प्रतिस्पर्धा पनि बढ्दै गएको देखिन्छ। बजारमा आफ्नो स्थिति सवल बनाउने क्रममा प्रत्येक बैंकले ग्राहकलाई आफ्नो .... आकर्षित गर्न नयाँ नयाँ सेवा तथा प्रोडक्टहरू प्रयोजनमा ल्याइरहेको देखिएको छ। विशेष अवसरलाई लक्षित गरी मौलिक ..... सेवा तथा प्रोडक्टको प्रस्तुति उत्तिकै देखिएको छ। यस्ता प्रयोग छोटो अवधिका लागि व्यवसायको प्रवर्द्धनको निमित्त लक्षित गरेको समेत पाइएको छ। त्यस्ता प्रयोगले संस्थाको साख र सेवाप्रति ग्राहकको आस्थामा स्थायीत्व बढ्दै गएको छ भने .... आधार यकिन गर्न सकिरहेको अवस्था पनि देखिएको छैन। अतः तथ्यका आधारमा नेपाल बैंक लिमिटेडले बजारमा आफ्नो उपस्थिति बलियो बनाउने र संस्थाको साखमा वृद्धि गर्दै ग्राहकहरूको सेवा/प्रोडक्टप्रतिको आस्था अभिवृद्धि गर्न सेवा तथा प्रोडक्टको क्षेत्रमा केकस्तो रणनीतिको अख्तियारं गर्नु उपयुक्त होला ? सुझाव प्रस्तुत गर्नुहोस्।

२. नेपाल बैंक लिमिटेड कर्मचारी सेवा विनियमावली, २०६२ को सवल पक्षहरूको व्याख्या गर्दै उक्त विनियमावलीलाई अझ समय सापेक्ष तुल्याउन के-कस्ता विषयहरू समावेश गर्नु आवश्यक ठान्नु हुन्छ ? विवेचना गर्नुहोस्।

३. एउटा शाखाको प्रभावकारी व्यवस्थापनका लागि शाखा प्रबन्धकले कुन कुन क्षेत्रमा के कस्ता विषयहरू उपर ध्यान दिई कार्य सम्पादन गर्नुपर्दछ ? प्रकाश पार्नुहोस्।

४. व्यवस्थापनमा निर्णय गर्ने कार्य किन महत्वपूर्ण हुन्छ ? बैंक व्यवस्थापनले गर्ने निर्णय प्रभावकारी तुल्याउन के कस्ता प्रक्रियाहरू अपनाउनु आवश्यक हुन्छ ? चर्चा गर्नुहोस्।

५. समय व्यवस्थापन (Time management) को अर्थ स्पष्ट पार्दै प्रभावकारी समय व्यवस्थापन गर्न के कस्ता तरिकाहरू अपनाउनु पर्दछ ? सविस्तार उल्लेख गर्नुहोस्।

६. बैंकमा आन्तरिक निरीक्षण किन आवश्यक छ ? आन्तरिक निरीक्षण प्रणालीको अवलम्वन प्रक्रिया कसरी गरिन्छ ? आन्तरिक निरीक्षणको प्रभावको मूल्याङ्कन कसरी गर्नु आवश्यक छ ? उल्लेख गर्नुहोस्।

७. कुनै दुई छोटकरीमा टिप्पणी गर्नुहोस्।

(क) तनाव व्यवस्थापन (Stress management)

(ख) ग्राहक सम्बन्ध (Customer relations)

(ग) सङ्गठनात्मक संस्कृति (Organizational culture)

❑❑❑

लोक सेवा आयोग

नेपाल बैंक लिमिटेड, सातौं उप-प्रबन्धक पदको आन्तरिक

प्रतियोगितात्मक लिखित परीक्षा

२०७४/०५/१८

पद : उप-प्रबन्धक

पत्र : प्रथम

समय: ३ घण्टा

पूर्णाङ्क: १००

विषय: आर्थिक नीति तथा बैंकिङ व्यवस्था

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ। अन्यथा उत्तरपुस्तिका रद्द। जम्मा ६ प्रश्नको उत्तर दिनुपर्नेछ र त्यसमध्ये प्रश्न नं. ७ अनिवार्य छ।

खण्ड 'क'

१. कर्जा प्रवाहसम्बन्धी पोर्टफोलियो व्यवस्थापन प्रक्रियाको विवेचना गर्नुहोस्। १०

२. परियोजना मूल्याङ्कन (Project appraisal) भनेको के हो ? मूल्याङ्कन गर्दा अनुशरण गर्नुपर्ने प्रक्रियाहरूबारे चर्चा गर्नुहोस्। ८+८

३. नेपालमा निक्षेप परिचालनमा बाणिज्य बैंकहरूले भोगिरहेका मुख्य समस्याहरू केके हुन् ? ती समस्याहरूलाई कसरी सुल्झाउन सकिनछ ? पुष्ट्याँई सहित सुझावहरू प्रस्तुत गर्नुहोस्।

४. NET present value, benefit–cost ratio / Internal rate of return हरूलाई बैंकले लगानी गर्ने आयोजनाको वित्तीय सम्भाव्यता अध्ययन गर्न कसरी प्रयोग गरिन्छ ? उदाहरणसहित विवेचना गर्नुहोस्।

खण्ड 'ख'

५. **छोटकरीमा टिप्पणी लेख्नुहोस्।**

(क) नेपालको मौद्रिक नीतिबाट बैकिङ क्षेत्रको विकासमा परेको प्रभाव। ८

(ख) संघीयताको कार्यान्वयनबाट नेपालको बजेट तर्जुमा प्रक्रियामा आएको परिवर्तन। ८

६. BASEL III अवलम्वनका प्रमुख फाईदाहरू तथा प्रमुख सीमाहरू उल्लेख गर्नुहोस्। नेपाल बैंक लिमिटेड नेपालको सबैभन्दा पुरानो बैंक तथा ठूलो सञ्जाल (Network) भएको बैंक हुँदाहुँदै यसले उल्लेख्य उपलब्धी हासिल गर्न सकेको देखिदैन। यदाकदा यसको व्यवस्थापन, संरचना, मानव संसाधन, प्रविधिको प्रयाग, जोखिम व्यवस्थापन आदि क्षेत्रमा थुप्रै समस्या रहेको पनि दर्शाइन्छ। यस स्थितिमा यो बैंकको समग्र सुधार गरी वित्तीय क्षेत्रको स्थायित्व योगदान गन सक्ने बनाउनको लागि देखिएको प्रमुख समस्या पहिचान गरी सुधारका सुझावहरू प्रस्तुत गर्नहोस् र ती सुझावहरूको कार्यान्वयनको खाका समेत दिनुहोस्।

❑❑❑

# लोक सेवा आयोग

## नेपाल बैंक लिमिटेड, सातौं, उप–प्रबन्धक पदको आन्तरिक

## प्रतियोगितात्मक लिखित परीक्षा

२०७४/०५/१९

पद : उप–प्रबन्धक

पत्रः द्वितीय

समयः ३ घण्टा — पूर्णाङ्कः १००

### विषयः व्यवस्थापन

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ। अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ। जम्मा ६ प्रश्नको उत्तर दिनुपर्नेछ र त्यसमध्ये प्रश्न नं. ७ अनिवार्य छ।

### खण्ड 'क'

१. नेपाल बैंक लिमिटेडको कर्मचारीहरूका लागि के–कस्ता आचरण र व्यवहार (Code of conduct) को व्यवस्था गरिएको छ ? तिनको कार्यान्वयन प्रभावकारी ढंगले कसरी गर्न सकिन्छ ? आफ्नो धारणा प्रस्तुत गर्नुहोस्। १०+६

२. मास्लोको आवश्यकताको सिद्धान्त (Need Theory of Maslow) ले जनशक्ति अभिप्रेरित हुने तरिकाहरू कसरी उल्लेख गरेको छ ? उत्प्रेरणाको लागि कुन सिद्धान्त बढी उपयुक्त हुन्छ ? प्रष्ट पार्नुहोस्। ६+१०

३. नेपाल बैंक लिमिटेडको कर्मचारी सेवा विनियमावलीमा पदपूर्ति, कार्यसम्पादन मूल्याङ्कन र आवश्यकतासम्बन्धी भएको व्यवस्थाहरूको समीक्षा गर्नुहोस्।

४. 'नेतृत्व' के हो? नेतृत्व प्रकारहरूको परिचय दिँदै संगठन विकासको लागि कस्तो नेतृत्व शैली अबलम्बन गर्न उपयुक्त हुन्छ ? तर्क र उदाहरणसहित व्याख्या गर्नुहोस्। ३+४+६

### खण्ड 'ख'

५. निर्णयको आवश्यकता औँल्याउँदै तार्किक निर्णय प्रक्रियाका चरणहरू उल्लेख गर्दै नेपालको सार्वजनिक प्रशासनमा निर्णय कार्यान्वयनमा देखिएका समस्याहरू केलाउनुहोस्। ५+५+६

६. तनावलाई परिभाषित गर्दै कर्मचारीहरूमा उत्पन्न हुने तनावका कारणहरू पत्ता लगाई त्यस्तो तनावलाई व्यवस्थापन गर्ने उपायहरू लेख्नुहोस्। १६

७. हाल बैंकिङ कारोवारमा सूचना प्रविधिको प्रयोग अत्यधिक मात्रामा बढेको छ। सूचना प्रविधिको सहयोगले हातहातै कारोवारहरू भैरहेका छन्। कागजका प्रयोग न्यून हुँदै गएको छ। ATM, Mobile banking, SMS banking in सेवाहरू सूचना प्रविधिको माध्यमबाट ग्राहकले घरमा नै बसेर पाइरहेका छन्। यति हुँदाहुँदै पनि बेला बेलामा सिष्टम down हुने, कम्प्यूटर भाईरसका नयाँ नयाँ रुप देखापर्ने, कम्प्यूटर Lacking हुने जस्ता समस्याले बैंकिङ प्रभावित भैरहेको छ। यस परिप्रेक्ष्यमा देखापरेका समस्याहरूको पहिचान के–कस्ता समाधान उपायहरू अवलम्बन गरेमा बैकिङ कारोवारलाई चुन्न सुरक्षित तथा भरपर्दो बनाउन सकिन्छ ? सुझावसहित कार्यान्वयनका कार्ययोजना प्रस्तुत गर्नुहोस्। ५+७.५+७.५

❑❑❑

## लोक सेवा आयोग

## नेपाल बैंक लिमिटेड

## आन्तरिक लिखित परीक्षाको प्रश्नपत्र

२०७३/०३/०१

पत्र : प्रथम

पदः उप–प्रबन्धक — पूर्णाङ्कः १००

समयः ३ घण्टा — उत्तीर्णाङ्कः ५०

### विषयः आर्थिक नीति तथा बैंकिङ व्यवस्था

तल दिइएका प्रश्नहरूमध्ये ६ वटा प्रश्नहरूको उत्तर नेपाली वा अङ्ग्रेजीमा लेख्नुहोस् । प्रश्न नं. १ अनिवार्य छ । प्रश्न नं. १ को अङ्क २० र बाँकी अन्य प्रश्नको अङ्क १६ हुनेछ ।

१. मौद्रिक तथा वित्तीय नीतिका समानता र असमानताहरू केलाउँदै नेपालमा आर्थिक वृद्धि र महङ्गी नियन्त्रण गर्ने उद्देश्यका लागि यी दुवै नीतिहरूको व्यावहारिक रुपमा तुलना गर्नुहोस् । १०+१०

२. वाणिज्य बैंकमा लगानीको लागि स्पष्ट नीतिगत व्यवस्थाको वावजुद लगानी जोखिममा पर्ने कारणहरूको बारेमा चर्चा गर्दै परिणाममुखी लगानीको लागि अपनाउनुपर्ने रणनीतीहरूको बारेमा उल्लेख गर्नुहोस् ।

३. नेपाल बैंक लिमिटेडको बजेट तर्जुमा र कार्यान्वयन प्रक्रियाको विवेचना गर्दै " यसको प्रभावकारी कार्यान्वयन र कमजोरी सुधार्न के गर्नुपर्ला ? लेख्नुहोस् ।

४. सम्पत्ति शुद्धिकरण भन्नाले के बुझ्नुहुन्छ ? नेपालमा सम्पत्ति शुद्धिकरण ऐनको प्रभावकारिता र कार्यक्षेत्र बारे समीक्षात्मक टिप्पणी गर्नुहोस् ।

५. नेपालको सन्दर्भमा आयोजना व्यवस्थापनमा आउने प्रमुख समस्याहरू केके हुन् ? यी समस्याहरू समाधानको लागि के कस्ता नीतिगत र संस्थागत सुधारहरू जरुरी छन् ? लेख्नुहोस् ।

६. हालै राष्ट्रि योजना आयोगले राष्ट्रसंघ पछ्याउँदै सोहीसँग मिल्दो लक्ष्य सहितको कार्यक्रम घोषणा गरेको छ । सो कार्यक्रमको सफलताको लागि बैंक तथा वित्तीय संस्थाको के–कस्तो भूमिका रहन्छ ? संक्षिप्त जानकारी प्रस्तुत गर्नुहोस् ।

७. नेपाल राष्ट्र बैंकको सुपरीवेक्षण तथा अनुगमन सम्बन्धी व्यवस्था र बैंक व्यवसायमा यसको महत्वको बारेमा विश्लेषण गर्नुहोस् ।

❑❑❑

**लोक सेवा आयोग**

**नेपाल बैंक लिमिटेड**

**आन्तरिक लिखित परीक्षाको प्रश्नपत्र**

**२०७३/०३/०४**

**पत्र : द्वितीय**

**पदः उप–प्रबन्धक** — **पूर्णाङ्कः १००**

**समयः ३ घण्टा** — **उत्तीर्णाङ्कः ५०**

**विषयः व्यवस्थापन**

तल दिइएका प्रश्नहरूमध्ये जम्मा ६ वटा प्रश्नहरूको उत्तर नेपाली वा अङ्ग्रेजीमा लेख्नुहोस्। प्रश्न नं. १ अनिवार्य छ, यसको प्रश्न नं. १ को अङ्क २० र बाँकी अन्य प्रश्नको अङ्क १६ हुनेछ।

१. नेपाल बैंकहरूमा समूह कार्यको महत्व देखाउँदै बढ्दो बैंकिङ प्रतिस्पर्धामा नेपाल बैंक लिमिटेडको सेवा प्रवाहलाई अझ बढी ग्राहकमुखी, विश्वसनीय र सहज बनाउन के कस्ता रणनीतिहरूलाई कार्यान्वयनमा ल्याई सुधार गर्नुपर्ला ? आफ्नो राय दिनुहोस्।

२. तनाव भन्नाले के बुझिन्छ ? सङ्गठनमा यसको के भूमिका हुन्छ ? कार्यस्तरसँग सम्बन्धित तनाव र यसको व्यवस्थापनको सम्बन्धमा आफ्नो धारणा उदाहरणसहित प्रस्तुत गर्नुहोस्।

३. नेपाल बैंक लिमिटेडमा मानवस्रोत व्यवस्थापनको अवस्था बारे संक्षिप्त चर्चा गर्नुहोस्। मानवस्रोत व्यवस्थापनमा देखिएका चुनौतीहरू समीक्षा गर्दै सुधारका लागि नेपाल बैंक लिमिटेडको व्यवस्थापनले चाल्नुपर्ने कदमहरू प्रस्तुत गर्नुहोस्।

४. निर्णय कर्ताले (Decision Making Process) भन्नाले के बुझ्नुहुन्छ ? निर्णय प्रक्रियाका चरणहरू (Steps) उल्लेख गर्दै नेपालको सन्दर्भमा निर्णयकताले सामना गर्नुपरेका समस्याहरू उल्लेख गर्नुहोस्।

५. ग्राहकहरूसँग सम्बन्ध व्यवस्थापनका आधारभूत पक्षहरू केके हुन् ? ग्राहक सेवा (Customer Services) लाई अझ प्रभावकारी बनाउन बैंकहरूले के कस्ता उपायहरू अवलम्वन गर्नु पर्ला ? राय प्रस्तुत गर्नुहोस्।

६. बैंकहरूमा सूचना प्रविधिको महत्वबारे उल्लेख गर्दै वित्तीय संस्था तथा बैंकको सेवा र व्यवस्थापनलाई सूचना प्रविधिको प्रयोगबाट कसरी प्रभावकारी बनाउन सकिन्छ ? सुझाव दिनुहोस्।

७. सङ्गठनले प्रदान गर्ने तालिमका प्रकारहरूको संक्षिप्त परिचय दिंदै सङ्गठनहरूमा तालिमको आवश्यकता पहिचान (Training Need Assessment) किन गरिन्छ ? तालिम आवश्यक पहिचानबाट केके कुरा पहिचान गर्न सकिन्छ ? चर्चा गर्नुहोस्।

❑❑❑